**१.१.५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**

यस न.पा.ले सुचना प्रविधिको विकास, पञ्जिकरण व्यवस्थान,स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रर्वद्धनलाई उच्च प्राथमिकतामा राखि चालु आ.व. को अन्त्य सम्ममा रु ४,४६,४२,०००।०० रकम विनियोजन गरेको थियो । यसबाट यस न.पा.का समग्र वातावरण संरक्षण एवं विपद् व्यवस्थापनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**गत आ.व.का उपलब्धिहरु :**

नगरपालिका तथा वडा तह सम्म सूचना प्रविधिमा पहुँच बढेको छ ।

नगरपालिका तथा वडा कार्यालयहरुमा योजना तथा कार्यक्रमहरुको समिक्षा गर्न सार्वजनिक सुनवाइ गर्ने परिपाटिको विकास भएको छ ।

नगरपालिकाको सम्पूर्ण सूचनाहरुलाई व्यवस्थित गर्न डिजिटल नगर प्रोफाइल तयार गरिएको छ ।

**चुनौतीहरु :**

सार्वजनिक सेवा प्रवाहमा जनप्रतिधि एवं कर्मचारीहरुलाई जवाफदेही बनाउनु ।

नेपाल सरकारले स्वीकृत गरेको अन्तरिम दरबन्दी संरचना बमोजिमका जनशक्तिको प्राप्ति एवं उपयोग गर्नु ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अब म आगामी आ.ब. २०७५/०७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेट सम्मानित सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।